**मिति :२०७४/०९/१२ गतेको नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१. घर भाडा सम्बन्धमा ।

२. सडक मापदण्ड सम्बन्धमा ।

३. नगर प्रोफाइल सम्बन्धमा ।

४. योजनाको विनियोजित बजेट बाँडफाँड सम्बन्धमा ।

५. स्वास्थ्यको रकम बाँडफाँड सम्बन्धमा ।

६. धार्मिक ऐतिहासिक तथा पर्यटकिय नगर गुरुयोजना निर्माण सम्बन्धमा ।

७. नगर बस तथा सडक  गुरुयोजना निर्माण सम्बन्धमा ।

८. प्याराग्लाईडिङ्ग तथा मादीमा ऱ्याफटिङ्ग अनुशन्धान प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।

९. सामाजिक सुरक्षा भत्ता इन्ट्रिको अन्तिम भुक्तानी सम्बन्धमा ।

१०. खर्च अनुमोदन सम्बन्धमा ।

११. खोप केन्द्र भवन निर्माण तथा संचालन सम्बन्धमा ।

१२. IT अधिकृतको विज्ञापन प्रकाशन सम्बन्धमा ।

१३. Mobile apps संचालन, विधुतिय हाँजिरी एवं Power Back Up निर्माण सम्बन्धमा ।

१४. मोटर साइकल खरिद सम्बन्धमा ।

१५. भुकम्प पिडित घर (लाभग्राही सूचिमा परेका) निर्माण सम्बन्धमा ।

१६. नगर भित्र मापदण्ड अनुसार निर्माण भएका घरको सम्बन्धमा ।

१७. फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिका कार्यालय भवन प्रयोजनको लागि मदन कुमार न्यौपानेको घरको द्रोस्रो तलाका लागि मासिक भाडा रु १४,५००।०० (अक्षेरुपी चौध हजार पाँच सय मात्र) कायम हुने सर्वसम्मत रुपमा निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा नगरपालिका भित्र रहेका सडकहरुको आधारभूत मापदण्डको प्रस्तावलाई  स्वीकृत गरी सोही अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिकाको नगर प्रोफाइल बनाउने कार्य यथासक्य चाँडो गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा नगर सभाबाट वडा नं ८ अन्तरगत सम्पूर्ण आमा समूह भवन मर्मत तथा निर्माण शिर्षकमा रु १२,००,०००।०० विनियोजन गरिएकोमा उक्त रकमलाई तपशिल बमोमिज हुने गरी बाँडफाँड गरिएको छ ।

तपशिल

१) न्यू सिर्जशील आमा समूह भवन निर्माण, कल्याङ बेशी - ३,००,०००।००

२) तमु सेवा समाज भवन दुर्छा - २,५०,०००।००

३) दिव्यज्योती आमा समूह भवन निर्माण करापु - २,५०,०००।००

४) करापु हेल्थ पोष्ट खोप तथा विविध कार्यक्रम संचालन - १,००,०००।००

५) आरिकोशी आमा समूह भवन निर्माण - १,००,०००।००

६) पतेरी आमा समूह भवन निर्माण - १,००,०००।००

७) जनकल्याण प्रा.वि. कल्याङ बेशी - १,००,०००।००

नगर सभाबाट स्वीकृत भएका देहाय बमोजिमका योजनाहरुको शिर्षक संशोधन गर्ने निर्णय गरियो ।

१) सप्तधारा राइपाली मोटर बाटो लाई सप्तधारा रामपानी मोटर बाटो

२) गुम्बा कम्पाउण्ड सोतीपसल लाई गुम्बा मर्मत गर्ने

३) दुईपिप्ले बोटे गाँउ जाने बाटो कालोपत्रे लाई दुईपिप्ले बोटे गाँउ जाने सडक स्तरोन्नती

४) विमिरेभन्ज्याङ्ग धिताल गाँउ मोटर बाटो लाई विमिरेभन्ज्याङ्ग धिताल चौतारा जिता मोटर बाटो हुने गरी निर्णय गरियो ।

५) वडा नं १० भित्रका कुलो मर्मत तथा सिंचाई योजना तर्फको रु ५,००,०००।०० मध्येबाट थानसिङ्ग स्वाँरा वडा कार्यालय हुदैं जुगेपानी मोटर बाटो विस्तारका लागि रु ३,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

६) नेवाखल भोर्लेटार कम्पाउण्ड र ट्रस्ट निर्माण लाई नेवा खल भोर्लेटार कम्पाउण्ड निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका कार्यालयबाट निर्मित प्रस्ताव स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका कार्यालयले धार्मिक ऐतिहासिक तथा पर्यटकिय नगर गुरुयोजना निर्माण गर्ने र कार्यान्वयन गर्ने कार्यलाई सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका कार्यालयले नगर बस तथा सडक गुरुयोजना निर्माण गर्ने र कार्यान्वयन गर्ने कार्यलाई सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका कार्यालयले प्याराग्लाईडिङ्ग तथा मादीमा र्‍याफटिङ्ग अनुसन्धान प्रतिवेदन तयार गर्ने र कार्यान्वयन गर्ने कार्यलाई सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका कार्यालयले सामाजिक सुरक्षा भत्ता इन्ट्रिको अन्तिम भुक्तानी मध्यनेपाल नगरपालिका कार्यालय लमजुङमा कार्यरत कम्प्युटर अपरेटर श्री सञ्जय पौडेललाई अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १०

प्रस्ताव नं १० उपर छलफल गर्दा यस मध्यनेपालको चालु आ.व. ०७४।०७५ को पहिलो चौमासिकसम्ममा भएको कुल खर्च सामाजिक सुरक्षा सशर्त १,८३,३८,०००।०० स्थानीय निकाय समानिकरण अनुदान चालु ५,४३,२७,८२२।८०, स्थानीय निकाय समानीकरण अनुदान निशर्त चालु ६०,४९,५६५।८० र पूँजिगत २२,५६,३०९।०० गरी जम्मा खर्च रु. ८,०९,७१,६९७।६० अनुमोदन गरियो ।

निर्णय नं ११

प्रस्ताव नं ११ उपर छलफल गर्दा खोप केन्द्र भवन निर्माण तथा संचालनको लागि तपशिलमा उल्लेखित स्थानमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

१) बाँग्रेवेशीमा - ३,००,०००।००

२) हाँडी खोलामा - ३,००,०००।००

निर्णय नं १२

प्रस्ताव नं १२ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिकाले सूचना प्राविधिक अधिकृतको विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं १३

प्रस्ताव नं १३ उपर छलफल गर्दा सूचना प्रविधि मैत्री नगरपालिका स्थापना गराउनको लागि Mobile apps संचालन, विधुतिय हाँजिरी एवं लोड सेडिङको अवस्थामा पनि कार्यालयको कामकाज निरन्तर संचालन गर्नको लागि सोलार Power Back Up मध्यनेपाल नगरपालिका कार्यालयमा राख्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

निर्णय नं १४

प्रस्ताव नं १४ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका कार्यालय प्रयोजनको लागि २ थान मोटर साइकल खरिद गर्ने कार्य सर्वसम्मत रुपमा निर्णय गरियो ।

निर्णय नं १५

प्रस्ताव नं १५ उपर छलफल गर्दा भुकम्प पिडितको घर निर्माण गर्दा नक्सा पास गर्दा नक्सा पास गर्दा लाग्ने राजश्वमा ५० प्रतिशत छुट दिने निर्णय गरियो ।

निर्णय नं १६

प्रस्ताव नं १६ उपर छलफल गर्दा नगर भित्र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक तथा नीजि घरहरु २०७५ साल पौष मसान्त भित्र अभिलेखिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं १७

प्रस्ताव नं १७ उपर छलफल गर्दा नगर सरसफाई र फोहोरमैला व्यवस्थापनको लागि वडा नं ४,५,६,७ का वडा अध्यक्ष ज्यूहरुको सकृयतामा फोहोरमैला विसर्जन केन्द्र खोज्ने निर्णय गरियो ।